# बर्दिबास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बर्दिबास, महोत्तरी
प्रदेश नं.२, नेपाल
स्थापना २०७३

पत्र संख्या : प्र.०७५।०७६
च.नं :-  मिति : २०७६/२/१५

विषय : शुभकामना सन्देश ।

बाह्रौं गणतन्त्र दिवसको  सुखद अवसरमा ज्ञात अज्ञात अमर सहिदहरुप्रति श्रद्धासुमन व्यक्त गर्दै स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा हार्दिक मंगलमय शुभकामना प्रकट गर्दछु ।

गणतान्त्रिक मूल्य मान्यता बमोजिम जनभावनाको कदर गर्दै संविधान र कानुनद्वारा निर्दिष्ट दायित्त्व पूरा गर्न हामी कटिबद्ध छौं । सामाजिक न्याय र समानतामा आधारित समाजबादउन्मूख अर्थतन्त्र निर्माण संवैधानिक संकल्प पूरा गर्ने दिशामा बर्दिवास नगरपालिका अग्रसर बनेको परिवेशमा समृद्धि हासिल गर्ने अभिभाराले मूर्तरुप लिनेछ भन्नेमा म विश्वस्त छु । यस प्रसंगमा नगरको समग्र विकास र समृद्धिका लागि आ-आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउन सबै नेपाली दाजुभाई दिदीबहिनीहरुमा हार्दिक आव्हान गर्न चाहान्छु ।

यस एतिहासिक दिवसले सबै नेपालीलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा राष्ट्रिय एकता प्रवर्द्धनसहित समृद्ध नेपाल, सुखी नेपालीको साझा राष्ट्रिय संकल्प सार्थक बनाउन प्रेरणा र  उर्जा मिलोस भन्ने शुभेच्छासहित गणतन्त्र दिवस, २०७६ का अवसरमा पून: हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

बिदुर कुमार कार्की
नगर प्रमुख